# रेडियोमा मेरो अनुभव

आन्विका गिरी

**कसरी म कार्यक्रम प्रस्तोता बनेँ ?**

मेरी आमा चाहनुहुन्थ्यो, म लोकप्रिय बनूँ । मैले विद्यालयमा हुँदा वक्तृत्वकलामा जितेका पुरस्कारहरूले गर्दा नै होला, मेरी आमालाई म रेडियोमा वा टेलिभिजनमा नडराई बोल्न सक्छु भन्ने लाग्थ्यो । उहाँले जानेको लोकप्रिय हुने तरिका रेडियो वा टेलिभिजनमा काम गर्ने नै थियो । मैले आमाको कुरा बुझेकी थिएँ तर आफैं भने यो विषयमा गम्भीर थिइनँ । किनकि, म के बन्न चाहन्थेँ त्यो मलाई थाहा थिएन । त्यत्ति हो, मलाई प्रहरी वा वकिल बन्न मन थिएन ।

सुनसरी जिल्लामा मेरो कविताका श्रोता धेरै थिए । कविता भन्ने मेरो शैलीबाट प्रभावित मेरा अग्रजहरू मलाई 'रेडियोमा कार्यक्रम चलाउनुपर्छ' भन्नुहुन्थ्यो । मेरा साथीहरूको धोको नै थियो– मलाई नेपाल टेलिभिजन (त्यति बेला अन्य च्यानल थिएनन्) मा समाचार पढ्दै गरेको हेर्ने । यी कुनै पनि कुराहरूलाई मैले गम्भीरपूर्वक लिएकी थिइनँ । उमेरको कारणले पनि होला, मैले रेडियो वा टेलिभिजनमा काम गर्न अवसर पाउँछु भन्ने थिएन । त्यहाँ काम गर्न निकै पढेको तथा धेरै कुरा जानेको हुनुपर्छ भन्ने लाग्थ्यो ।

सन् २००० मा एचआइभी एड्सका विषयमा एउटा अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिएर फर्केपछि हामीले 'केही' गर्नुपर्ने अपेक्षा गरिएको थियो । तर के गर्नुपर्छ भनिएको थिएन र स्रोत पनि दिइएको थिएन । अदृश्य 'केही' ले मलाई त्यति बेला

सताउन थाल्यो जब अन्य देशबाट साथीहरूले इमेलमा आफ्ना प्रगतिहरू सुनाउन थाले । म एउटा 'आइडिया' को खोजीमा थिएँ जसले त्यो अदृश्य 'केही' लाई एउटा आकार देओस् । त्यति बेला इटहरीमा सप्तकोशी र विराटनगरमा कोशी एफएम सञ्चालनमा थिए । काठमाडौं दुईचार पटक आउजाउ गरेको हुनाले एफएम रेडियोको 'क्रेज' बारे जानकार नै थिएँ म । *साथीसँग मनका कुरा* नामक रेडियो कार्यक्रमबाट पनि प्रभावित थिएँ तर उनीहरू जस्तो समस्याको समाधान बताउने सीप थिएन मसँग । यद्यपि बोल्न सक्छु र नचाहिने कुरा नबोल्दा मानिसहरूले झर्को मान्ने छैनन् भन्ने आत्मविश्वास चाहिँ पर्याप्त थियो । सप्तकोशी र कोशी एफएमका अधिकांश श्रोता युवा थिए । त्यसैले मैले युवाहरूका लागि लक्षित गरेर एउटा मध्याह्नमा *मनको खुल्दुली* भन्ने रेडियो कार्यक्रमको स्क्रिप्ट तयार पारेँ । त्यसअघि मैले कहिल्यै कसैलाई रेडियो कार्यक्रम कसरी तयार पारिन्छ भनेर सोधेकी पनि थिइनँ, जानेकी पनि थिइनँ । मेरो मनमा के थियो भने रेडियोका हाकिमलाई भेट्न जाँदा पक्कै पनि तिनले तपाईं के बोल्ने भनेर सोध्नेछन् । तसर्थ कार्यक्रमको अवधारणा लेखेर लगेमा ज्यादा वा कम बोल्दिनँ अथवा भनौँ, म अलमलिन्नँ भन्ने लागेको थियो । रेडियोका मान्छेहरू स्क्रिप्ट नहेरी पढ्छन् भन्ने थियो । वास्तवमा केही थाहा थिएन । बोल्ने र कार्यक्रम तयार पार्ने अलगअलग मानिस हुन्छन् भन्ने थाहा पाएपछि साँच्चै नै छक्क परेकी थिएँ म । एउटाले लेखेको अर्काले कसरी मिलाएर पढ्न जान्दछन् होला भन्ने लागिरह्यो पछिसम्म पनि ।

मेरो एउटा साथी थियो, सुदीप पोखरेल । अहिले ऊ काठमाडौँमा गोरखा एफएममा काम गर्छ । ऊ पनि लोकप्रिय हुन चाहन्थ्यो । उसलाई मैले लेखेको अवधारणाको खेस्रा देखाएँ । कार्यक्रमलाई चार भागमा बाँडिएको थियो । पहिलो भागमा युवाहरूलाई आफ्नो भविष्यको लक्ष्य निर्धारण गर्न मद्दत गर्ने केही विषयबारे जानकारी दिने, दोस्रो भागमा कुनै एउटा विषयमा फोनमा कुरा गर्ने, तेस्रो भागमा राम्रो काम गरिरहेका युवासँग कुरा गर्ने र चौथो भागमा राशिफललाई रमाइलो पारामा प्रस्तुत गर्ने । कार्यक्रम एक घण्टाको थियो जसमा युवाहरूलाई उत्साहित गराउने गीतहरू मात्र बजाउने पनि मैले उल्लेख गरेकी थिएँ । हरेक भागलाई १५ मिनेट छुट्टयाइएको थियो । सुदीपले यो कुरा मन परायो तर उसलाई रेडियोका हाकिमसम्म हामी पुग्न सक्छौं भन्ने कुरामा विश्वास लागेन । मलाई पनि रेडियोका हाकिमले हामी केटाकेटीलाई भेट्लान् र ? भन्ने लागेको थियो । तर एक पटक भेट्न पाए हामी कार्यक्रम चलाउन सक्छौं भन्ने विश्वास दिलाउन सक्छु भन्ने पनि थियो अन्तर्मनमा । म र सुदीपले रिहर्सल पनि गर्‍यौं ।

जति पटक हामी स्क्रिप्ट पढ्थ्यौँ त्यति नै पटक त्यो हामीलाई 'हिट' कार्यक्रम हुन्छ भन्ने लाग्दै गयो । अन्ततः हामीले इटहरीमा रहेको सप्तकोशी एफएमका हाकिमलाई भेट्ने निधो गर्‍यौँ । युनिसेफ तथा अन्य गैरसरकारी संस्थाद्वारा आयोजित बाल अधिकार तथा बाल भित्तेपत्रिका लेखन तालिम सञ्चालन गरिसकेको हुनाले म मानिसहरूसँग आफ्ना कुरा राख्न डराउँदिनथेँ । यद्यपि रेडियोमा कसरी बोल्ने भन्ने तालिम नलिएकाहरू रेडियोमा काम गर्छौं भन्दै जानु सजिलो थिएन । हामीले समय पाउने सम्भावना एक प्रतिशतको हाराहारीमा थियो ।

हामी एक मध्याह्नमा सप्तकोशी एफएमका हाकिमलाई भेट्न इटहरीस्थित एफएम स्टेसनमा गयौँ । रिसेप्सनमा एकै चोटि स्टेसन म्यानेजरलाई भेट्न नपाइने बताइयो तर हामीले ज्यादै नै ढिपी गरेपछि म्यानेजरको कोठामा छिरेर फर्केका रिसेप्सनिस्टको जवाफ सकारात्मक थिएन । भन्न त उनले "सर हुनुहुन्न" भने तर एक छिनपछि हाम्रैअगाडि अर्को कुनै 'ठूला' सरको फोन म्यानेजरको कोठामा 'ट्रान्सफर' गरे । स्टेसन म्यानेजर विष्णुहरि ढकाल थिएनन् वा उनले हामीलाई भेट्न जरूरी ठानेनन्, म जान्दिनँ । हामीले स्टेसन म्यानेजरभन्दा तलका विनय गुरागाईंलाई भेट्यौँ । उनले हामी आउनाको कारण सोधे । "हामी युवाहरूका लागि कार्यक्रम चलाउन चाहन्छौँ । सप्तकोशी एफएममा युवाहरूलाई मनोरञ्जनका साथै ज्ञान पनि दिने कुनै कार्यक्रम छैनन् ।", मैले भने । उनले स्क्रिप्ट मागे । पहिला काम गरेको अनुभव सोधे । मैले रेडियो नेपालको बाल कार्यक्रममा एउटा अन्तर्वार्ता दिएकी थिएँ । मैले देखेको स्टुडियो त्यही एउटा थियो तर त्यो त केवल एउटा घटना थियो । कुनै अनुभव थिएन । उनले हाम्रो सम्पर्क नम्बर लिए र पछि खबर गर्ने जानकारी दिए । मलाई लागेको थियो, उनले हाम्रै अगाडि स्क्रिप्ट पढ्नेछन् र भन्नेछन्, "आहा, क्या राम्रो ! भोलिबाट काम गर्न आऊ ।" तर त्यस्तो भएन । बाटोमा हामीले निराश हुने कुरा गरेनौँ । अझ भनौँ धेरै कुरै गरेनौँ । घरमा मैले यसबारे केही भनेकी थिइनँ ।

मेरो गाउँ मधेशामा भर्खर फोन आएको थियो । भोलिपल्ट बिहान एफएम स्टेसनका विनय दाइको फोन आयो । स्टेसन म्यानेजरले हामीलाई भेट्न बोलाएछन् । संयुक्त राष्ट्रसङ्घको बडापत्रअनुसार हामी दुवै बालबालिकामा पर्थ्यौं । हामी १६ वर्षका थियौँ तर युवासम्बन्धी कार्यक्रमका लागि कम्मर कसेका थियौँ । स्टेसन म्यानेजर ढकालको टेबलमा स्क्रिप्ट थियो । उनले त्यसलाई पढ्न लगाए । हामीले 'एक्ट' सहित पढ्यौँ । त्यसमा केही रमाइला संवाद थिए जसलाई पढ्न स्वाभाविकभन्दा केही 'अतिरिक्त' उत्साहको आवश्यकता पर्थ्यो । उनले हामीलाई माथि स्टुडियोमा गएर कार्यक्रम रेकर्ड गर्न भने । हामीले गर्‍यौं । यी कुराहरू एकै

छिनमा भए । हामीलाई अचम्म लागिरहेको थियो, कसरी पहिलो पटकमै केही नबिगारी कार्यक्रम रेकर्ड गरायौँ । प्राविधिक दाइहरूले खुब तारिफ गरे । २०५८ चैतको अन्तिम साता हामी यो दौडधुपमा व्यस्त थियौँ । रेकर्ड गरिएको हाम्रो स्वर सुनेपछि २०५९ वैशाख १ बाट हाम्रो कार्यक्रम सातामा एक पटक सोमबार बेलुकी ५ बजे बज्ने निधो भयो । प्रायोजक कोही थिएनन्, तर पनि कार्यक्रम सुरु हुने भयो ।

मेरी आमा खुसी हुनुहुन्थ्यो । परिवारका अरू पनि खुसी थिए । कार्यक्रम प्रत्यक्ष प्रसारण हुने थियो । पहिलो दिन भए पनि हामी दुवै कत्ति पनि आत्तिएका थिएनौँ । हामीले केही दिनअगाडि नै कार्यक्रमको प्रोमो रेकर्ड गराएका थियौँ । उक्त प्रोमो बजिसकेको हुनाले *मनको खुल्दुली* कहिले आउँछ, कस्तो कार्यक्रम हो भन्नेबारे श्रोताहरूलाई थाहा थियो । कसै न कसैले हामीलाई सुनिरहेको कुरा पक्का थियो । हाम्रा साथीहरू र परिवारजनले त नसुन्ने कुरै भएन । वास्तवमा हामी केटाकेटी आफैँले तयार पारेको कार्यक्रम आफ्नै पहलमा प्रसारण गर्न पाउँदा रोमाञ्चित नहुने कुरै थिएन । कार्यक्रम उत्पादन र प्रसारणको प्राविधिक पक्षका बारेमा प्राविधिक दाइहरूले राम्रै जानकारी दिनुभएको थियो । त्यसैले पनि कुनै कठिनाइ भएन ।

हाम्रो पहिलो कार्यक्रम २०५९ वैशाख १ मा प्रसारण भयो । कार्यक्रम सकेर घर फर्कंदा गाउँको चौतारीमा थुप्रै गाउँलेहरू जम्मा भएका थिए । उनीहरू सबैले कार्यक्रम सुनेका थिए । र, ती मान्छेहरू मलाई आफूहरूले कार्यक्रम सुनेको कुरा बताउन मात्र बसेका थिए । रेडियोमा कार्यक्रम चलाउने मधेशा गाविसमा हामी दुई पहिलो भयौँ । थुप्रै चिठी पायौँ, फोन कल पायौँ, सरहरूको स्यावासी पायौँ । आमाको आँखामा खुसीसमेत देखेपछि मलाई आफूले साँच्चै केही गजब गरेछु भन्ने लाग्यो । लगातार रूपमा थुप्रै प्रतिक्रियाहरू आए । श्रोताहरू हामीलाई ठूला मान्छे सोच्थे । अनि जो भेट्न आउँथे, उनीहरू छक्क परेर जान्थे । थोरै समयमा हामी लोकप्रिय बन्यौँ । छिट्टै नै हामीलाई साथीहरूले समस्याको लर्को लेखेर पठाए । विज्ञको खोजी गर्ने अवस्थासम्म पुग्यौँ हामी । रेडियो र विज्ञापनको सम्बन्ध त्यति बेला बुझेका थिएनौँ । यी सब कुराहरूबाट अनभिज्ञ थियौँ । हामी कार्यक्रम गरेको पैसा पनि लिँदैनथ्यौँ । पैसा हाम्रा लागि महत्त्वपूर्ण कुरा थिएन, त्यसैले कार्यक्रम छोड्दाका मितिसम्म पारिश्रमिक नपाउँदा पनि मैले त्यो विषयमा कुरा गर्न आवश्यक ठानिनँ । कार्यक्रम सकेर घर फर्केपछि चौतारीमा जम्मा भएका गाउँले, भोलिपल्ट भेटिएका कलेजका साथीहरू, सरहरूले गर्ने प्रशंसा नै यथेष्ट थियो । मैले बाल भित्तेपत्रिका लेखन तालिमको

बाल प्रशिक्षक भएर काम गरिसकेको कुरा माथि नै आइसकेको छ। समाचार कसरी लेख्ने, किन बाल भित्तेपत्रिका आवश्यक छ भनेर मलाई सिकाइएका कुराहरू थुप्रै पटक दोहोऱ्याएकी थिएँ तर आम सञ्चारको शक्तिबाट म स्वयं पनि अनभिज्ञ थिएँ। रेडियोमा हामीले बोलेका कुरालाई हाम्रो उमेरका साथीहरूले मात्र नभएर अभिभावकले पनि गम्भीरपूर्वक लिएका घटनाले मलाई छक्क पार्थ्यो। हामी आफ्ना समस्याहरू सुनाउँथ्यौँ र सकारात्मक कुराहरूको चर्चा गर्थ्यौं। हाम्रा दायित्वबारे छलफल गर्थ्यौं। पढाइमा पनि राम्रै गरिरहेका थियौँ। त्यसैले चार महिनामा नै हाम्रा श्रोताहरू हामी जस्तो पढाइ र अन्य काममा पनि प्रगति गर्न चाहन्थे। उनीहरूलाई रेडियो र पढाइ दुवैमा प्रगति गर्न मद्दत गर्ने हामीसँग केही त्यस्ता उपाय छन् भन्ने विश्वास लागेको थियो। श्रोताहरू 'मनको खुल्दुली रेडियो श्रोता क्लब' खोल्न चाहन्थे। हामी हरेक साता नयाँ कुराको खोजी गर्थ्यौं। हामी इमानदार भएर लागेका थियौँ। हामीले गीत छान्दा जहिले पनि युवाको भावनालाई सम्बोधन गर्ने खालका गीतहरू छान्यौँ जबकि म आफू चाहिँ हिन्दी रोमान्टिक गीत सुन्न रुचाउँथेँ।

रेडियोमा समस्या खासै थिएन। मेरो परिवार मेरो कामबाट दङ्ग परेको हुनाले सहयोग नै थियो। पैसा पनि भए राम्रो भन्ने त थियो, तर पैसा नआएकाले नै कार्यक्रम नचलाऊँ भन्ने कुरा कहिल्यै आएन। दैनिक तथा साप्ताहिक पत्रिका नै हाम्रो सामग्रीका स्रोत थिए। हामीले अधिकांश कार्यक्रम एचआइभी एड्सबारे गरेका थियौँ। यौन सम्पर्क, यौन अङ्ग, कण्डम आदि शब्द दोहोरिरहन्थे। हामीलाई त्यस विषयमा कुरा गर्न अप्ठेरो लाग्दैनथ्यो र एकदमै स्वाभाविक रूपमा ती शब्दहरू उच्चारण गर्थ्यौं तर मेरा साथीहरूले त्यसलाई अलि अस्वाभाविक रूपमा लिएका थिए। उनीहरू मलाई चाहिनेभन्दा बढी 'ओपन' भएको र त्यसले मेरो चरित्रमा असर पर्नसक्ने कुरा गर्थे। सायद, यो नै महत्त्वपूर्ण अनौठो कुरा थियो। अरू निरुत्साहित गर्ने खास केही कुरा भएन। कार्यक्रम सकेर फर्कंदा रात परिसकेको हुन्थ्यो र साँझमा छोरी मान्छे घरबाट हिँड्नुहुन्न भन्ने समाजकै सदस्य थिएँ म पनि। तर मैले रेडियोमा बोलेको कुरा मेरा गाउँले, मेरो परिवार र मेरा साथीहरूलाई यति गर्वको विषय थियो कि म कार्यक्रम सकेर राति घर फर्कंदा पनि कसैले कहिल्यै केही भनेनन्। रेडियोमा साँझमा काम गर्ने दिदीहरू घर जान हतारिनुको कारण परिवार, समाजबाट सुन्नुपर्ने रूखा कुराहरू नै थिए।

## बाल कार्यक्रमको म तन्नेरी प्रस्तोता

प्रमाणपत्र तहको दोस्रो वर्षको परीक्षा दिएपछि म काठमाडौँ लागेँ । अनि मैले मेरो सृजना *मनको खुल्दुली*लाई त्यहीँ बिसाएँ । तर त्यसले रेडियोको एउटा लत बसाल्यो । सप्तकोशी एफएमको चार महिने फुच्चे अनुभवले मात्रै काठमाडौँका सुविधासम्पन्न व्यावसायिक एफएम स्टेसनहरूमा काम पाउन सजिलो थिएन । मसँग विभिन्न प्रतियोगिता जितेका प्रमाणपत्र नभएको भए सायदै म एफएम रेडियोमा काम गर्नेबारे सोच्थेँ होला । कसैमार्फत जाने कुरा मेरा लागि मान्य थिएन । मैले केही स्टेसनहरूमा आफ्नो व्यक्तिगत विवरण छोडेँ । तर कसैले पनि बोलाएनन् ।

एक दिन काठमाडौँ महानगरपालिकाद्वारा सञ्चालित मेट्रो एफएमको बाटो हुँदै म अनामनगर गइरहेकी थिएँ । मेरो व्यक्तिगत विवरण कहाँ पुगेछ, एक पटक सोधौँ न त भन्ने विचार आयो । त्यति बेला स्टेसन म्यानेजर मनरूप नेप्चुन थिए । संयोगले उनी कार्यालयमा रहेछन्, उनले भेट दिए । रिसेप्सनमा छोडेको मेरो व्यक्तिगत विवरण उनले पाएकै रहेनछन् । मैले भनेपछि हेर्न लगाए । व्यक्तिगत विवरण हात लागेपछि उनले भोलिपल्ट फोन गर्न भने । अन्य एफएम स्टेसन म्यानेजरले मेरो व्यक्तिगत विवरण पाए, पाएनन् म भन्न सक्दिनँ । जे होस्, नेप्चुनसँगको कुराकानीले मलाई उत्साहित बनायो । रेडियोमा काम गर्न पाइने आशा जगायो ।

त्यस ताका गाउँबाट काठमाडौँमा आई निराशाका दिनहरू काटिरहेका र अर्धबेरोजगार हुने चाहना राख्ने म जस्तैका लागि कार्यक्रम चलाउन चाहन्थेँ । पैसा फेरि पनि महत्त्वपूर्ण कुरा थिएन, तर सप्तकोशी एफएममा काम गर्दा जस्तो बिल्कुलै महत्त्व नभएको कुरा भने थिएन । म थोरै पैसा पाए पनि केही सूचनामूलक र उत्साहमूलक कार्यक्रम सञ्चालन गर्न चाहन्थे । विजयकुमार पाण्डेको अन्तर्वार्ता गर्ने शैलीले मलाई निकै प्रभाव पारेको थियो । तसर्थ अन्तर्वार्तामूलक कार्यक्रम पनि चलाउन चाहन्थेँ म । तर त्यसको स्पष्ट खाका भने थिएन । सोच्थेँ– यो गर्न सक्छु भन्ने ज्ञान मलाई नै हुनुपर्छ, अरूले तिमी यो गर्न सक्छौ भनेको आधारमा कसैले केही गर्ने प्रयास गर्छ भने त्यो दीर्घकालीन हुन सक्दैन । त्यसैले मैले एकै दिनमा युवासँग सम्बन्धित तीन ओटा फरकफरक कार्यक्रमको स्क्रिप्ट तयार पारेँ । यसका बारेमा म आफू स्पष्ट थिएँ र अरूलाई बुझाउन पनि सक्थेँ । नेप्चुनलाई प्रभावित गर्न सक्छु भन्ने विश्वास थियो मलाई । थुप्रै 'भोलि' हरूमा मैले नेप्चुनलाई फोन गरेँ । उनी असाध्यै सहयोगी र नम्र स्वभावका मानिस थिए । काठमाडौँ मेरालागि नौलो थियो र म राम्रोसँग फोनमा कुरा गर्न पनि

जान्दिनथेँ । कहिले नमस्कार भनेर कुरा सुरु गर्थें त कहिले उनको नम्र व्यवहारका लागि धन्यवादसमेत भन्न बिर्सन्थेँ । उनले हरेक पटक मलाई प्रोत्साहन नै दिए तर कार्यव्यस्तताका कारणले भेटेर छलफल गर्ने समय भने धेरै पछि मात्रै जुऱ्यो । भेटमा उनले एकै पटक “तपाईंले बाल अधिकारका क्षेत्रमा धेरै कार्यक्रम गर्नुभएको रहेछ, बाल कार्यक्रम नै चलाउनुहोस्” भने ।

मेरो व्यक्तिगत विवरणमा मैले अधिकांश समय बाल अधिकार, बाल भित्तेपत्रिका लेखन तालिम तथा बाल क्लबको नेतृत्व गरेको व्यहोरा थियो । कक्षा सात पढ्दादेखि नै मैले बाल क्लबमा काम गरेँ । टेस्ट परीक्षा दिँदासम्म मैले राष्ट्रिय स्तरका थुप्रै गोष्ठीहरूमा भाग लिएकी थिएँ र एसएलसीपछि युनिसेफका लागि बाल अधिकार तथा बाल भित्तेपत्रिका लेखन तालिमको बाल प्रशिक्षक भएर काम गरेँ । विद्यालयदेखि बालबालिकाको कुरा गरिरहेकाले होला, म केही भिन्दै काम गर्न चाहन्थेँ । तर मैले युवासम्बन्धी कार्यक्रम नै गर्छु भनेको भए नेप्चुनले मेरो प्रस्ताव अस्वीकार गर्ने सम्भावना प्रबल थियो । उनले एक किसिमले माइन्ड सेट गरेर कुरा गरेको हो भन्ने म प्रस्टै बुझ्न सक्थेँ । थोरै खिन्नताका बावजुद पनि म बाल कार्यक्रम सञ्चालन गर्न तयार भएँ । उनले साताभर कार्यक्रम कसरी गर्ने, हरेक दिन नयाँ कार्यक्रम कसरी गर्न सकिन्छ जस्ता विवरण लेखेर फेरि भेट्न आउन भने ।

२०५९ सालको फागुनसम्ममा राजधानीमा रेडियो नेपाल र ११ ओटा एफएम स्टेसन थिए । एक साता मैले ती सबैले कस्ता बाल कार्यक्रम सञ्चालन गर्छन् भनेर सुनेँ । मेट्रो एफएममा सबैभन्दा बढी अर्थात् साताभरि नै बाल कार्यक्रम सञ्चालन हुने गर्थ्यो । मैले केही कार्यक्रम ठीकै भएको तर केहीमा परिमार्जन नगरी नहुने भनी हरेक दिनको लागि कार्यक्रमको स्वरूप तयार पारेँ । त्यस बेला म कम्प्युटर चलाउन जान्दिनथेँ । मैले कापीमा लेखेर लगेको त्यस सामग्रीलाई नेप्चुनले गहिरिएर हेरे । “राम्रो छ”, उनले भने । तर कहिलेबाट कार्यक्रम सुरु गर्ने भन्नेबारे केही भनेनन् । मैले २०६० वैशाखबाट कार्यक्रम गर्न पाउने आशा गरेकी थिएँ । “अर्को सातातिर फोन गर्नुस्”, उनले भने । थुप्रै पटक उक्त स्टेसनमा जाँदा बाहिर बसेका पालेदाइ दिदीले “कहिलेदेखि कार्यक्रम गर्ने ?” भनेर सोध्थे । त्यो प्रश्नले मलाई बिस्तारै चिढाउँदै गइरहेको थियो । नेप्चुनलाई निर्णय गर्न केही कुराले अप्ठेरो पारिरहेको म बुझ्न सक्थेँ । उनी मेरो कार्यक्रमको स्वरूप निकै राम्रो भएको भन्थे तर कहिलेबाट कार्यक्रम चलाउन पाउँछु भन्ने चाहिँ बताउँदैनथे ।

मैले अन्य एफएममा जाने सोच त्यागिसकेकी थिएँ । एक किसिमले आफूलाई बाल कार्यक्रम चलाउन मानसिक रूपमा तयार पारिसकेकी थिएँ । नेप्चुनले एउटा भेटमा २०६० असार १५ बाट मैले कार्यक्रम चलाउन टुङ्गो लागेको बताए । हप्तामा सातैदिन कार्यक्रम चलाउन पाउने आशा थियो मेरो । तर मुश्किलले एक दिन उनले मेरा लागि छुट्ट्याउन सकेछन् । अर्धसरकारी एफएम रेडियो भएकाले त्यहाँ मैले सोचेजस्तो सजिलो वातावरण रहेनछ । पुरानो ढर्रामा काम गर्दै आएका मानिसलाई हटाएर नयाँ ढङ्गले कार्यक्रम गर्ने नेप्चुनको चाहना भए पनि त्यहाँ उनले ठूलै भीडन्त गर्नुपर्ने भएपछि "अहिले एउटा गर्दै गर्नुस्, पछि सोचौँला" भने । मैले कार्यक्रम गर्न सुरु गरेँ । बालबालिकाले लेखेका चिठी पढ्ने कार्यक्रम मलाई दिइएको थियो । पहिलो साता खासै केही सामग्री तयार पारेकी थिइनँ । प्रशस्त चिठी आउँछन् भनिएको थियो । दुई दिनअघि कस्ता चिठी आउँदा रहेछन्, कसरी पढ्दा ठीक होला भनेर कार्यालय पुगेँ । एउटा चिठी आएको थियो, धादिङबाट आएको त्यो चिठीमा कार्यक्रम बेकम्मा शैलीबाट सञ्चालन भइरहेको भन्ने आलोचना थियो । माध्यमिक तहका विद्यार्थीको त्यो पत्र पढेपछि पहिलो कार्यक्रम 'ट्रायल' नै भयो ।

बाल कार्यक्रम सञ्चालन गर्न अधिकांश प्रस्तोता स्वाभाविक आवाजभन्दा भिन्न तरिकाले बोल्छन् । केटाकेटीको जस्तै स्वर बनाउनु, बिस्तारै बोल्नु बाल कार्यक्रम प्रस्तोताहरू स्वयंले निर्धारण गरेको मापदण्ड हो । जहिले पनि केटाकेटीहरू गल्ती गर्छन्, उनीहरू केही जान्दैनन्, ठूला मानिसले चाहिँ जे पनि सही गर्छन् भन्ने रटान पनि प्रस्तोताहरूले गर्ने साझा काम हो । त्यस बेलाका एफएम रेडियोहरू कुनैले पनि पुस्तकका बारेमा बताउँदैनथे । उनीहरू लोक कथा सुनाउँथे जहाँ केटाकेटीहरू पहिला खराब हुन्थे र पछि सुध्रिन्थे । मैले पहिलो कार्यक्रममा बजारमा आएका नयाँ पुस्तकहरूबारे जानकारी गराएँ । केही बाल 'हिरो' हरूका बारेमा रोमाञ्चकारी कथा सुनाएँ । रेडियोमा बोल्ने कुनै तालिम नलिएका कारण मैले स्वरमा कुनै परिवर्तन ल्याइनँ । जसरी म स्टुडियो छिर्नुअघि बोलिरहेकी थिएँ, भित्र छिरेपछि पनि त्यसै गरी बोलेँ ।

नेप्चुन मेरो पहिलो कार्यक्रमबाट निकै खुसी थिए तर अन्य प्रस्तोताले भने म अलि निष्ठुरी सुनिएको प्रतिक्रिया दिए । मलाई थाहा थिएन, कति बालबालिकाले कार्यक्रम सुने ? पत्र आउने हो कि होइन ? के मेरो कार्यक्रम साँच्चै बाल कार्यक्रम हो त ? बाल कार्यक्रममा उपदेशका ठेली सुनाए पुग्छ ? दोस्रो साता कार्यक्रमको तयारी गर्न जाँदा केही पत्रहरू नभेट्टाएको भए, सायद मेरो सोचाइ बदलिन सक्थ्यो । तर बाल श्रोताहरूले मेरो प्रस्तुति र विषयवस्तु दुवै मन पराए ।

उनीहरूले कार्यक्रमको स्वरूप फेरिएकोमा खुशी व्यक्त गरेका थिए। यद्यपि अदृश्य रूपमा मेरो स्वाभाविक स्वरको विरोध थियो, मेट्रो एफएममा। उनीहरू मैले अराजक किसिमले कार्यक्रम चलाइरहेको भन्ने सोच्थे। तर एकपछि अर्को कार्यक्रममा बढीभन्दा बढी पत्र आउन थाले। त्यसैबीचमा मैले *कान्तिपुर कोपिला*का लागि रेडियोमा बाल कार्यक्रम नामक फिचर पनि तयार पारेँ।

केटाकेटीहरूको सकारात्मक गुणको वर्णन गर्दै कसरी नकारात्मक कुरा त्याग्न मद्दत गर्न सकिन्छ भन्ने नै मेरो ध्येय थियो। केटाकेटीलाई असाध्यै माया गर्न मलाई कथाकार शान्तदास मानन्धरले सिकाएका थिए। केटाकेटीका कुरा नसुनिकन ठूलालाई आदर गर, सानालाई माया गर, चोरी नगर जस्ता नैतिक पाठहरू एकोहोरो रटाउने पुरानो शैलीबाट अबका केटाकेटी वाक्क भएका छन्। टेलिभिजन, पत्रपत्रिकामा उनीहरूको पहुँच भएकाले पनि ठूला मान्छेहरूले केवल नराम्रा कुरा गरेको, उनीहरूको क्षमतालाई कम आँकलन गरेको जस्ता व्यवहारबाट उनीहरू कति पनि खुसी हुँदैनन्।

२०६१ माघ १९ मा तत्कालीन राजा ज्ञानेन्द्रले 'कु' गरेका दिन मेरो कार्यक्रम थियो। गेटदेखि नै झोला देखाउँदै भित्र जानुपऱ्यो। कार्यालयमा सबै जना आत्तिएका जस्ता देखिन्थे। स्टुडियोमाथि जाँदा ढोकामा सेनाहरूले स्क्रिप्ट मागे। पुस्तकको जानकारी, भाइ बहिनीले पठाएका चिठीबाहेक अन्य बोल्नुपर्ने कुरा मैले लेख्न छोडिसकेकी थिएँ। म सीधै स्टुडियोमा गएर बोल्थेँ। "मैले बोल्ने कुरा यही हो", चिठीहरू देखाउँदै मैले भनेँ। उनीहरूले कति समय बोल्ने भनेर सोधे। आधा घण्टा भन्ने मेरो जवाफपछि गीत बज्ने या नबज्ने जानकारी मागे।

स्टुडियोभित्र पुगेपछि राजाले 'कु' गरे भन्ने कुरा मेरा बाल श्रोतालाई भन्ने कि नभन्ने, दुविधामा परेँ म। केही महत्त्वपूर्ण राजनीतिक घटनाबारे कार्यक्रममा बताउँदै आएकी थिएँ। सात दलहरू आन्दोलनरत रहेको विषयबारे पटकपटक चर्चा गरिसकेकी थिएँ। प्राविधिक दाइहरूको अनुहारको रङ्ग फुङ्ग उडेको थियो। नियमित तरिकाले कार्यक्रम सुरु गरेँ मैले। अघिल्लो साता ग्यालेक्सी पब्लिक स्कूलमा जाँदा त्यहाँका भाइबहिनीहरूसँग कक्षामा कसरी साथीहरूसँग मिलेर बस्ने भन्नेबारे छलफल भएको थियो। त्यसैबाट कुरा सुरु गरेँ। पुस्तकबारे केही बताएँ। गीत बजाएँ। म निकै बेचैन थिएँ त्यस क्षणमा। ढोकामा बन्दुक लिएका सुरक्षाकर्मी थिए। कार्यक्रमको अन्त्यमा पुगेपछि मैले साहस बटुलेँ र भनेँ, "भाइबहिनी हो, तिमीहरूले थाहा पायौ कि पाएनौ। आज राजा ज्ञानेन्द्रले सबै अधिकार आफ्नो हातमा लिए। यसो भनेको, अब देशमा प्रधानमन्त्री को राख्ने भनेर जनताले हैन, राजाले निर्णय गर्छन्। हाम्रो अधिकारहरू पनि खोसियो। अब

हामीले राजाको काम मन परेन भन्न पाउँदैनौं ।" मैले सास बन्द गरेर यो कुरा भनिरहँदा पत्तै पाइनछु कि आज राजा भन्नेबित्तिकै प्राविधिक दाइहरूले गीत बजाइदिनु भएछ । मेरो कुरा भाइबहिनीले सुन्न पाएनन् । न त बाहिर बसेका बन्दुकधारी सेनाले नै सुन्न पाए । कार्यक्रम सकेर बाहिर निस्कँदा सैनिक जवानले कार्यक्रमको प्रशंसा गरे । यो घटनापछि थाहा पाएँ, तत्कालीन शाही सरकारको विरोध गरेकाले नेप्चुन बर्खास्त भएछन् । प्राविधिक दाइहरूले मेरो बारेमा कुरा नगरेका हुनाले मैले कार्यक्रम चलाउन पाइरहेँ । नेप्चुनले विरोध कसरी गरे भन्ने बुझिएन ।

## परिवर्तनको आवश्यकता

राजनीतिक उथलपुथल जे भए पनि भाइबहिनीहरूले कार्यक्रम रुचाइरहेका थिए । उनीहरूले थुप्रै चिठी पठाउँथे । उनीहरूले नै पठाएका कविता, कथा, चुट्किलाहरूलाई नै कार्यक्रममा पहिलो प्राथमिकतामा राखिएको थियो । ती भाइबहिनीहरूले लेखेका कविता, साना कथाहरू निकै राम्रा लाग्थे मलाई । प्राय:जसो पत्राचार सरकारी विद्यालयका विद्यार्थीले गरेका थिए । केही निजी विद्यालयमा म आफैँ गएर पत्र लेख्न प्रेरित गरेकी थिएँ भने भेट भएका बालबालिकाले कविता, चुट्किला, कथा केही भन्न चाहेमा त्यसलाई रेकर्ड गरेर ल्याउँथे । मेरो कार्यक्रमको प्रमुख विषय बालबालिकालाई नयाँ पुस्तकहरूबारे बताउनु थियो । म उनीहरूलाई बजारमा आएका नयाँ बाल साहित्यका किताब, त्यसको विषयवस्तु र त्यो किताब किन पढ्नुपर्छ भन्नेबारे प्रस्ट्याउँथे । यो लेख लेख्दै गर्दा मैले राजधानीमा भएका झण्डै दुई दर्जन रेडियोका बाल कार्यक्रम सुनेँ । तर कुनै रेडियोमा पनि पुस्तकबारे बताइँदो रहेनछ । दुई वर्षको मेरो अनुभवले बालबालिकालाई उनीहरूको कमजोरी बताउने अब नयाँ तरिका विकास गर्नुपर्छ भन्ने सिकायो । सकारात्मक गुणको चर्चा नगरी नकारात्मक कुराहरू मात्र बताइयो भने उनीहरूले त्यसको प्रतिवाद गर्छन् ।

एक पटक मैले मेरो साथीको कार्यक्रम चलाएकी थिएँ । त्यो कार्यक्रममा उखान सोध्नुपर्ने थियो तर साथीले जे विषयमा कुरा गरे पनि हुने भनेकाले मैले "तपाईंहरूलाई के मनपर्छ ?" भनेर सोधेकी थिएँ । चापागाउँ, ललितपुरका रोशन कार्कीको जवाफ अझै पनि म सम्झन्छु । कक्षा ६ का विद्यार्थी रोशनले भनेका थिए, "बाल कार्यक्रम हाम्रा लागि होइन । कुनै बेला यस्तो लाग्छ हामीलाई गाली गरेको पनि तपाईंहरू पैसा लिनुहुन्छ ।" जुन नयाँ ढङ्गबाट मैले कार्यक्रम सुरु

गरेकी थिएँ, त्यो कायम नै राखें। राम्रो छ नभने पनि अन्य कार्यक्रमका साथीहरूले कार्यक्रमबारे आलोचना गर्न भने छोडेका थिए।

बाल कार्यक्रमका क्षेत्रमा गर्नुपर्ने थुप्रै कामहरू अझै पनि अधुरा छन्। जस्तो, अब त बाल कार्यक्रम चलाउने प्रस्तोता बालबालिका नै हुने कि ठूलामान्छे ? यो प्रश्नमा नै छलफल हुनु जरूरी छ। हामीले बालबालिकालाई बुझेका छौं कि छैनौं ? बाल कार्यक्रम प्रस्तोताको योग्यता राम्रो र मसिनो स्वर हुनु मात्र हो ? बाल कार्यक्रम बालबालिकालाई सहभागी गराएर सञ्चालन गर्ने कि उनीहरूलाई श्रोता मात्र बनाएर ? यी प्रश्न जटिल छन्, तर यी प्रश्नको हल नगरे बाल कार्यक्रम केवल कार्यक्रमका लागि थप अर्को कार्यक्रम मात्र हुनेछ। बालबालिकालाई राम्रा, असल कुरा सिकाउने बहानामा हामी आफ्ना कुरा लादिरहेका हुन्छौं, जुन कुरा तत्काल बन्द हुनुपर्छ। बाल कार्यक्रमबाट मनोरञ्जन पनि प्राप्त गर्नुपर्छ। बालबालिकाहरूको उमेर समूह छुट्ट्याएर कार्यक्रम नगर्नु नै नेपालमा सञ्चालित सबै बाल कार्यक्रमहरूको ठूलो कमजोरी हो। एउटै कार्यक्रममा देशका पचहत्तर जिल्लाको कुरा पनि सुनाइन्छ भने त्यही कार्यक्रममा कसरी 'क'बाट कलम बनाउने भन्ने पनि सिकाइन्छ। खास गरेर १२ वर्ष उमेर कटेका बालबालिकाको लागि विषयवस्तु छनोट गर्दा हामीले उनीहरूको परिवर्तन भइरहेको मानसिक अवस्थालाई ध्यान दिनु जरूरी छ। यस्तो उमेर समूहलाई श्रोता होइन, सहभागी बनाएर कार्यक्रम सञ्चालन गर्नुपर्छ। हामी उही पुरानो शैलीबाट अघि बढिरहेका छौं। मैले आफ्नो कार्यावधिमा केही प्रयास त गरें, तर त्यो अपूरो थियो। मैले छोडेपछि त्यो त्यहीँ रोकियो। बालबालिकालाई बुझ्ने हाम्रो समग्र मान्यतामा नै परिवर्तन आउनुपर्छ। बाल कार्यक्रम त्यसका लागि उपयुक्त माध्यम हुनुपर्ने हो तर हुन सकेको छैन। कार्यक्रम चलाउँदा मैले भोगेको समस्या बाल गीतहरू पर्याप्त नहुनु हो। राम्रा गीतहरू निकै कम थिए। ती गीतहरू मैले भरसक बजाइनँ जसले बालबालिकालाई नैतिकताको कोरा पाठ मात्रै सिकाउँथे। केटाकेटीले नै गाएका गीतहरू नै मेरो प्राथमिकतामा थिए। तर, ती गीतहरू पनि ठूला मान्छेले लेखेका हुनाले 'आज मलाई केही आउँदैन, आज म स्वाँठ छुँ, ठूलो भएपछि सबै आउँछ' जस्ता आशयका हुन्थे। त्यो सबैभन्दा ठूलो विडम्बना हो भन्ने मलाई लाग्छ।

## मेरो आफ्नै कुरा

मेरी आमाले काठमाडौंमा बज्ने मेरो कार्यक्रम सुन्न पाउनुहुन्नथ्यो तर उहाँ मेरी छोरी काठमाडौंमा रेडियोमा बोल्दैछे भन्ने कुराले नै पनि खुसी हुनुहुन्थ्यो।

उहाँको त्यो खुशीले नै मलाई सातामा एउटा कार्यक्रम चलाउन प्रेरित गऱ्यो। रेडियोमा मेरो स्वर सुन्ने आमाको तीव्र चाहनाले मलाई नेपथ्यमा रहेर उर्जा प्रदान गरेको थियो। तर, काठमाडौं बसाइँ र उमेरको परिपक्वताले गर्दा मैले बिस्तारै आफ्नो लक्ष्य निर्धारण गर्दै थिएँ। म लेखक बन्न चाहन्थेँ र आफ्नो भविष्यको उद्देश्यमा नै समय खर्च गर्न चाहन्थेँ। यद्यपि मेरी आमा, मेरा साथीहरू, मेरा गुरूहरू अझै म रेडियोमा बोलोस् भन्ने चाहन्छन्। आधा दर्जन बढी टेलिभिजन च्यानल, सयौंको सङ्ख्यामा खुलेको एफएम रेडियो हुँदाहुँदै मैले त्यहाँ किन नबोलेको होला ? उनीहरू साँच्चै नै आश्चर्यचकित छन्। म लोकप्रिय भएको हेर्न चाहन्छन् उनीहरू। साक्षरता प्रतिशत कम भएको, तथा पत्रिका, किताबको पहुँच सहज नभएको हाम्रो जस्तो देशमा लेख्ने मान्छे हुनु भनेको बेकार हो भन्ने उनीहरूको ठम्याइ छ।

सप्तकोशी एफएम र मेट्रो एफएममा मैले कहिल्यै लैङ्गिक भेदको सामना गर्नु परेन। कस्तो कार्यक्रम गर्ने, के बोल्ने वा कसरी अगाडि बढ्ने भन्नेबारे म निकै स्पष्ट थिएँ। कार्यक्रमको रूपरेखा आफैँले बनाएको हुनाले पनि होला, यसो गर, त्यसो नगर भन्ने जस्ता कुरा सुन्नु परेन। तर यस्तो व्यवहार मैले दुवै एफएम रेडियोमा अरू महिला प्रस्तोताहरूलाई गरेको देखेकी थिएँ। क्षमता भयो भने भेद पनि नहुने हो कि ? भन्ने प्रश्न मेरो मनमा आउँछ। सँगसँगै भेद भए पनि त्यसलाई चिर्न सकिन्छ भन्ने आत्मविश्वास पनि जागृत हुन्छ।

**धन्यवाद**

यो संस्मरणलाई अन्तिम रूप दिनका लागि सुझाव दिएर सहयोग गर्नुहुने मार्टिन चौतारीका प्रत्यूष वन्त, शेखर पराजुली र संगीता पाण्डेलाई धन्यवाद छ।